आज मिति २०७४ फागुन १४ गते, सोमबारका दिन विहान ८:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा २६ औं बोर्ड बैठक बसो निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

| उपस्थिति :- | | | पदाधिकारी | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष | |
| २. | उप-नगर प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य | |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य | |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य | |
| ५. | ३ नं. वडाका वडा अध्यक्ष श्री नानी बाबु बस्नेत | - | सदस्य | |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खडका | - | सदस्य | |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य | |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य | |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य | |
| १०. | ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य | |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य | |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य | |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गारी नेवा पोडे | - | सदस्य | |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य | |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य | |
| १६. | महिला सदस्य श्री कविता खत्री | - | सदस्य | |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य | |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य | |
| १९. | महिला सदस्य श्री मिना मगर | - | सदस्य | |
| २०. | कार्यकारी अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - | सदस्य सचिव | |

आमन्त्रित :-

| | | | |
|---|---|---|---|
| २१. | श्री विष्णु बहादुर के.सी. | - | लेखा अधिकृत |
| २२. | श्री मनोज बुढाथोकी | - | सिभिल इन्जिनियर |
| २३. | श्री गीता तामाङ | - | कम्प्युटर अपरेटर |

निर्णयहरु :-

**निणर्य नं. १ : दमकल संचालन सम्बन्धमा ।**

मिति २०७४/०९/१२ बाट कार्यपालिकाको बैठकबाट दमकल संचालन सम्बन्धमा निर्णय भएकोमा सो निर्णयलाई संशोधन गरि देहाय बमोजिम गर्ने ।

यस नगरपालिकामा हस्तान्तरण भई आएको दमकलको आकार अलि ठूलो भएको कारण नगरको बाक्लो बस्ती भएको ठाउँ लगायत सबै भेगमा जान नसक्ने भएकोले हाल उक्त दमकल जुद्ध बारुणयन्त्रलाई हस्तान्तरण गरि सानो आकारको दमकल माग गर्ने र नगरपालिकामा चाहिएको समयमा नगरपालिकालाई सहयेग गरि दिन अनुरोध गर्ने । प्रत्येक वडा कार्यालयबाट १/१ जना स्वयं सेवक गरि जम्मा ९ जना सिफारिस गरि पठाउने र २ जना न.पा.बाट थप गरि स्वयं सेवकको व्यवस्था गरि तालिम दिएर दमकल संचालनमा ल्याउने । चिनीया र भारतीय दुतावासबाट सानो आकारको दमकल माग गरि पत्राचार गर्ने ।

**निणर्य नं. २ : शिक्षाको कार्यविधि सम्बन्धमा।**

विधयक समितिबाट पेश भई आएको कार्यविधि स्वीकृत गर्ने । परीक्षा संचालनको र कार्यविधि निर्माणको लागि रू. ७,७५,०००।-(अक्षरुपी सात लाख पच्चत्तहर हजार रूपैया) मात्र रकम छुट्टयाउने निर्णय गरियो ।

**निणर्य नं. ३ : विविध सम्बन्धमा ।**

क) कार्यपालिकाबाट गठित विषयगत समिति, न्यायिक समिति लगायत सबै समितिहरुको बैठकहरुमा सदस्य लगायत आमन्त्रित व्यक्तिहरुलाई गठित भए देखि कै मिति देखि लागु हुने गरि भत्ताको व्यवस्था गर्ने । साथै देहाय बमोजिमका कर्मचारीहरुलाई समेत काममा लगाउने निर्णय गरियो ।

(क) सार्वजनिक सेवा तथा क्षमता विकास समिति :

सहयोगी कर्मचारी : श्री सुरोज श्रेष्ठ र श्री प्रदिप पौडेल

(ख) आर्थिक विकास समिति :

सहयोगी कर्मचारी : श्री गीता तामाङ र श्री प्रदीप बस्नेत

(ग) सामाजिक विकास समिति :

सहयोगी कर्मचारी : श्री सुदर्शन आचार्य र श्री देवराज गौतम

(घ) पूर्वाधार विकास समिति :

सहयोगी कर्मचारी : श्री रामशरण भण्डारी र श्री जयराम गिरी

(ङ) वातावरण तथा विपद व्यवस्थापन समिति :

सहयोगी कर्मचारी : श्री दिपा कार्की र श्री प्रदिप पौडेल

(च) बिधेयक समिति :

सहयोगी कर्मचारी : श्री महेश शाक्य र श्री जयराम गिरी

(छ) न्यायिक समिति

सहयोगी कर्मचारी : श्रा मन्दिरा महर्जन

(ज) फोहोर मैला व्यवस्थापन समिति :

सहयोगी कर्मचारी : श्री सुरोज श्रेष्ठ र श्री मन्दिरा महर्जन

- समितिले आमन्त्रित सदस्यको रुपमा नगर उप-प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई बोलाउनेछ । समितिको निर्णय प्रशासन शाखाको शाखा अधिकृतले प्रमाणित गर्नेछ । विषयगत कार्यालयको विषयमा छलफल गर्नुपर्ने अवस्थामा समितिले विषयगत कार्यालयका कर्मचारीहरु समेत आमन्त्रण गर्न सक्नेछ । समितिले आवश्यक देखेमा लेखा अधिकृत र इन्जिनियर समेतलाई आमन्त्रण गर्न सक्नेछ ।

ख. निजी जग्गा व्यवस्थापन सम्बन्धमा मिति २०७४/१०/१२ गतेको बैठकबाट गठित कार्यविधि निर्माण गर्ने समितिमा २ र ८ नं. वडा अध्यक्ष र अमिन पुष्पा ढकाल समेत सदस्य थप गर्ने निर्णय गरियो ।

ग. दक्षिणकाली नगरपालिका र दीपश्री क्रिएटिभ मिडियाको संयुक्त आयोजना तथा नगरपालिका भित्रका सम्पूर्ण संघ-संस्थाहरुको सह-आयोजनामा संचालन गर्न लागिएको दक्षिणकाली नगरपालिकाको ऐतिहासिक कार्यक्रम "**उद्योग तथा पर्यटन प्रबर्द्धनको लागि फागु पर्व, २०७४ - दक्षिणकाली नगरपालिका**" भन्ने नाराका साथ संचालन हुन लागेको फागु पर्व कार्यक्रमको लागि रू. १,५०,०००।-(अक्षरुपी एक लाख पचास हजार रूपैयाँ) बजेट विनियोजन गर्ने निर्णय गरियो ।

घ) वडा नं. ४ को बाँसवारी बस स्टप देखि कमेरी जाने मोटरबाटोको धमिलेखोला नजिक रहेको कुलो निर्माण गर्नको लागि प्राविधिकको इष्टिमेट बमोजिमको रकम छुट्टयाउने निर्णय गरियो ।

ङ) सेतीदेवी मा.वि.को भवन निर्माण गर्नको लागि रू. ७,००,०००।-(अक्षरुपी सात लाख रूपैयाँ) रकम छुट्टयाउने निर्णय गरियो ।